नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (सङ्घीय मामिला शाखा)

सिंहदरबार,काठमाण्डौ

पत्र संख्याः सं.मा.शा.२०७५/०७६
चलानी नं. १२६

फोन नं.०१-४२११८९५

मितिः२०७५।०८।१२

विषयः सहभागिता सम्वन्धमा।

जिल्ला समन्वय अधिकारीज्यू,
सुदूरपश्चिम प्रदेशका जिल्ला समन्वय समितिको कार्यालय,सबै।

पूर्व सांसद मञ्च,नेपालको प. सं.२०७५/०७६,च.नं.२१, मिति२०७५।०८।११को पत्र यसैसाथ संलग्न छ।विस्तृत व्यहोरा संलग्न पत्रवाटै अवगत गर्नुभइ उक्त मञ्चले देहाय बमोजिमको मिति,समय र स्थानमा आयोजना गर्ने कार्यक्रममा सहभागिताका लागि निर्णयानुसार अनुरोध छ ।

तपसीलः
मितिः२०७५।०८।२० गते
समयः विहान ११.००बजे
स्थानः उद्दोग वाणिज्य संघको सभाहल,धनगढी,कैलाली ।

बोधार्थः-
श्री पूर्व सांसद मञ्च,नेपाल,
सुन्धारा,काठमाण्डौं । जानकारीका लागि अनुरोध छ ।
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय । पत्र यस मन्त्रालयको Website मा Upload गरी दिनुहुन अनुरोध छ ।

(खेमराज जोशी)
शाखा अधिकृत

# पूर्व सांसद मञ्च, नेपाल
(संसदको परामर्शदातृ अंग)
२०५७

द.नं. १४२-०५७/५८
पो.ब.नं. २६०७७, सुन्धारा, काठमाडौँ
फोन : ०१-४२००४१०
इ-मेल : fmpsforumnepal@gmail.com
website: www.empf.gov.np


दर्ता नं. २८५
दर्ता मिति : २०७५।८।१२

प.सं. :-०७५/७६
च.नं. :- २१

मिति :- २०७५/०८/११

श्रीमान सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाण्डौं ।

**विषय:-आवश्यक सहयोग गरि दिनु हुन ।**

उपरोक्त सम्बन्धमा संघीय संसदको परामर्श दातृ संस्थाको रुपमा रहेको यस पूर्व सांसद मञ्च,नेपालद्धारा निम्न अनुसार सुदूर पश्चिम प्रदेश स्तरीय एक दिवशीय भेलाको आयोजना गरिएको हुँदा सो को जानकारी एवं सहयोगको लागि विनम्र अनुरोध गर्दछुं ।

कार्यक्रममा प्रस्तुत गरिने विषयहरू:-

१)पूर्व सांसदहरूको राष्ट्रिय भेलाद्धारा पारित **"समृद्ध नेपाल निर्माणको लागि पूर्व सांसद मञ्च,नेपालको अवधारणा"** ।

२)**संविधान कार्यान्वयन सम्बन्धमा** भए गरिएका काम कारवाहीहरू ।

३)**समृद्ध नेपाल र सुखी नेपाली** " विषयको अवसर र चुनौती" ।

उक्त कार्यक्रमका लागि सुदूर पश्चिम प्रदेशमा रहेका जिल्ला १.बाजुरा २.अछाम ३.बझाङ ४.डोटी ५.कैलाली ६.दार्चुला ७.बैतडी ८.डडेलधुरा ९.कन्चनपुर जिल्लका जिल्ला समन्वय अधिकारीज्यूहरु लाई भेलामा सहभागि हुनुहुने सहभागिहरुलाई खबर गराई दिने व्यवस्था मिलाई दिनु हुन समेत अनुरोध गर्दछु ।

**कार्यक्रमका सहभागिहरू-** प्रदेशका माननीय मुख्यमन्त्रीज्यू,प्रतिनिधिसभा तथा राष्ट्रियसभाका माननीय सदस्यज्यूहरु, प्रदेश सभाका माननीय सभामुखज्यू प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, प्रदेश सरकारका प्रमुख सचिवज्यू, माननीय उप-सभामुखज्यू तथा प्रदेशसभाका सदस्यज्यूहरु, जिल्ला समन्वयन समितिका प्रमुखज्यूहरु पूर्व सांसदज्यूहरु, प्रदेश सभाका सचिवज्यू, उप-महानगरपालिका,प्रमुखज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यूहरु, नगरपालिकाका प्रमुख तथा उप-महानगरपालिकाका , उप-प्रमुखज्यूहरु, गाउँपालिकाका अध्यक्ष, नगरपालिकाका उप-प्रमुखज्यूहरु,जिल्ला समन्वय अधिकारीज्यूहरु,गाउँपालिकाका उपाध्यक्षज्यूहरु, जिल्लाका सम्पूर्ण पार्टी प्रमुखज्यूहरु, प्रदेश स्थित उद्योग वाणिज्यसंघ, नेपाल वार एसोसियसन, पत्रकार महाँसंघ,प्राध्यापक संघ लगायत विभिन्न संघ संस्थाका प्रमुखज्युहरु ।

**कार्यक्रमको मिति,समय,स्थान**
**मिति:–२०७५ मंसिर २० गते**
**समय:–दिनको ११:०० बजे**
**स्थान:-उद्योग बाणिज्य संघको सभाहल, धनगढी ।**

(शंकरनाथ शर्मा अधिकारी)
महासचिव